## महिला तथा बालबालिका कार्यालय, बाजुरा




महिला तथा बालबालिका कार्यालयको अनुगमन गर्ने क्रममा महिला विकास कार्यक्रम (महिला जागृती समेत) तथा तथा बालकल्याण समितिबाट सञ्चालित कार्यक्रमका सम्बन्धमा छलफल गरियो ।



*महिला तथा बालबालिका कार्यालयका कर्मचारीसँग छलफल गरेको अवस्था ।*

**ब.उ.शी.नं ३४०८०२/३ महिला विकास  कार्यक्रम** ( महिला जागृती समेत)

अनुगमनका क्रममा कार्यालयका निमित्त प्रमुख तथा अन्य कर्मचारीहरुसँग छलफल गरी जानकारी लिइयो । पहिलो चौमासिक अवधिमा महिला समूहकालागि ७ दिने आधारभूत तालीम सञ्चालन गरेको रहेछ । त्यस्तै गरी तरकारी खेती सम्बन्धी सीप तथा व्यवसायिक विकास तालीम कार्यक्रम सञ्चालन गरिएको पाइयो ।

कार्यालय प्रमुखको अनुपस्थितिका कारण दोस्रो चौमासिक अवधिमा सञ्चालन गर्नुपर्ने कार्यक्रम गर्न नसकिएको देखियो । आफू अनुपस्थित हुँदा सम्बन्धित कर्मचारीलाई कार्यगर्ने अख्तियारी दिएको भए त्यस्तो समस्या नपर्ने देखिन्छ । महिला समूहहरु भएका गा.वि.स.हरुमा कार्यक्रम सञ्चालन गर्ने गरेको भनाई सुनियो । अघिल्लो आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गरिएको गा.वि.स.मा पुन अर्को वर्ष कार्यक्रम सञ्चालन नगरिने जानकारी समेत पाइयो । गत वषको कार्यक्रमबाट महिलाहरुका जनजीवनमा के सुधार आयो भन्ने विषयमा लेखाजोखा गर्ने गरेको देखिएन ।

गरिवी कार्यक्रम अन्तर्गत स्कुल विमुख किशोरीहरुकालागि आय आर्जनका विषयमा तालीम प्रदान गरी टेवा कार्यक्रम अन्तर्गत सहयोग स्वरुप पाखा पालनकालागि रु ३५००। अनुदान प्रदान गरिएको रहेछ । महिला तथा बालबालिका कार्यालयले लक्षित वर्ग पहिचान गरी जिल्ला पशुसेवा कार्यालयसँग समन्वय गरेर बाखा वितरण गरेको भए प्रभावकारी हुने देखिन्छ । सो कार्यमा समन्वय भएको देखिदैन । दुई निकायका कार्यक्रमबीच दोहोरोपना भएको प्रस्ट देखिन्छ ।

**<u>बेरुजु अङ्क</u>**

२०७१ साल असार मसान्तसम्म जम्मा रु १८,८७,०००/ बेरुजु रहेछ ।

**महिला तथा बालबालिका कार्यालयको समस्या तथा समाधान**

१. कार्यालय प्रमुख लामो समयसम्म अनुपस्थित रहेको कारण दोस्रो चौमासिक अवधिमा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम सम्पादन नसकेको देखियो । यस्तो समस्या हुन नदिनकालागि कार्यालय प्रमुखको नियमित उपस्थिति हुनुका साथै निजको अनुपस्थितमा सम्बन्धित कर्मचारीलाई अनिवार्य कार्यक्रम कार्यान्वयनको जिम्मेवारी प्रदान गर्नुपर्ने व्यवस्था हुनुपर्ने ।
२. भाडामा लिएको पुरानो जीण भवनमा कार्यालय सञ्चालन गर्न समस्या भएको रहेछ । सरकारी तवरबाट कार्यालय भवन निर्माणकालागि पहल गर्नुपर्ने देखिन्छ ।
३. जिल्लामा महिला तथा बालबालिका कार्यालयले ५० वटाभन्दा बढी विभिन्न समितिहरूमा प्रतिनिधित्त्व गर्नु पर्ने अवस्था रहेछ । यसका कारण कार्यालय प्रमुखले कार्यालयको काममा ध्यान दिन नसक्ने अवस्था रहेको भनाइ रहेको पाइयो । यसर्थ जिल्लामा रहने यस प्रकारका विभिन्न समितिहरूको एकीकरण हुन अत्यन्त जरुरी देखिन्छ । यसकालागि विषयगत मन्त्रालयबीचको समन्वयमा नीतिगत तहमा निर्णय हुन आवश्यक देखिन्छ ।
४. कार्यक्रममा दोहोरापना : सञ्चालित महिला हिंसा, सासू वुहारी अन्तरक्रिया, पारिवारिक हिंसा आदि कार्यक्रमहरूबीच दोहोरोपना रहेको देखिन्छ । अर्कोतर्फ अन्य कार्यालयहरूको क्षेत्राधिकारभित्र पर्ने कार्यक्रमहरू समेत सो कार्यालयले गर्ने गरेको रहेछ । जस्तै महिलाकालागि कृषि तालीम तथा पाखा वितरण । विद्यमान दोहोरोपना हटाउन हाल सञ्चालित सम्पूर्ण कार्यक्रमको redesign हुन आवश्यक छ । विभिन्न किसिमका सेवा प्राप्त गर्नकालागि महिलालाई सशक्तिकरण गर्ने कार्यमा मात्र कार्यालयलाई सीमित गरिनु पर्ने देखिन्छ ।
५. कार्यक्रम सञ्चालनकालागि ठाउँ छनौट गर्ने आधार प्रस्ट देखिएन । विपन्न, दलित महिला तथा महिला समूह भएका स्थानमा कार्यक्रम सञ्चालन गर्ने गरेको भनाइ मौखिक रूपमा रहेको पाइयो । तर कुनै

पनि किसिमले निर्णय गरेको भेटिएन । तसर्थ कार्यक्रम सञ्चालन गर्ने आधार प्रष्ट रूपले तोकेर निर्णयका आधारमा गरिनु आवश्यक देखिन्छ ।

६. कार्यक्रम अनुरुप लेखा तथा अन्य जनशक्ति प्रर्याप्त नभएको रहेछ ।
७. जिल्लास्तरीय कार्यक्रम सञ्चालनकालागि खर्च गर्ने नर्म्सको समस्या रहेछ । यसका कारण सहभागीलाई आते जाते कति भत्ता उपलव्ध गराउने भन्ने समस्या रहेको । खर्च सम्बन्धमा जिल्लाभित्रका सरकारी कार्यालयबीच पनि फरक -फरक प्रावधानले अप्ट्यारो भएको भनाई सुनियो । अन्य कार्यालयको तुलनामा महिला तथा बालबालिका कार्यालयको न्यून भएको जानकारी भयो । गैर सरकारी संघ संस्थाले बढी भत्ता उपलब्ध गराउने गरेको पाइयो । तसर्थ एकै जिल्लाभित्र खर्चको नर्म्समा एकरुपता हुन आवश्यक छ ।
८. अपाङ परिचय पत्र वितरणमा समस्या भएको पाइयो । सम्बन्धित गा.वि.स. सचिवको सिफारिस र डाक्टरको परीक्षण प्रतिवेदनका आधारमा परिचय पत्र उपलब्ध गराइने व्यवस्था गरेको रहेछ । पूर्ण अपाङकालागि रातो कार्ड वितरण गर्ने गरेको पाइयो । पूर्ण अपाङले मासिक रु १०००। पाउने हुँदा गा.वि.स. सचिवले रातो कार्ड बनाएर आए मात्र पैसा पाइन्छ भन्ने गरेको कारण रातै कार्ड पाउन झगडा गर्ने गरेको पाइयो । यस्तो समस्यालाई न्यूनिकरण गर्न केन्द्रमा सम्बन्धित मन्त्रालयहरू तथा स्थानीय स्तरमा स्थानीय प्रशासन, स्थानीय निकाय र महिला तथा बालबालिका कार्यालयबीच समन्वय तथा सहयोग हुन आवश्यक देखिन्छ ।
९. छाउपडी निवारणका नाममा विकृती रहेको पाइयो । छाउपडीका नाममा गैर सरकारी संघ संस्थाले सम्बन्धित कार्यालयसँग समन्वय नगरी आफू खुसी कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । कुनै अमुक संस्थाले कार्यालयको अमुक कर्मचारीको व्यक्तिगत खातामा पैसा जम्मा गरी निजलाई सम्पर्क व्यक्ति तोकी कार्यक्रम सञ्चालन गरिरहेको रहेछ । यस्ता किसिमका गलत अभ्यासलाई निरुत्साहित गर्न र सहयोगलाई नेपाल सरकारको नियमानुसार गर्न सम्बन्धित मन्त्रालय तथा विभागलाई सजग गर्नु पर्ने ।
१०. अनुगमन तथा मूल्याङ्कनको कमजोर स्थिति रहेछ । सम्बन्धित कार्यालयबाट पनि आफूले सञ्चालन गरेका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन । अर्कोतर्फ विभाग तथा मन्त्रालयले पनि आफू मातहतका कार्यालय तथा सोबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन । सम्बन्धित विभाग तथा मन्त्रालयले आफू मातहतका कार्यालयले कार्यान्वयन गर्ने गरेका कार्यक्रम निरन्तर अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न तथा गराउनकालागि निर्देशिका तयार गर्नुपर्ने ।

**बालकल्याण समिति, बाजुरा**

बालअधिकार अधिकृतको रुपमा वि.स.२०६१ सालदेखि सर्पलाल गिरी कार्यरत रहेको पाइयो । निजले महिला तथा बालबालिका कार्यालय कै भवनभित्र रही कार्यसम्पादन गरिरहेको देखियो । राष्ट्रिय तथा अर्न्राष्ट्रिय बाल दिवश मनाउने, सामुदायिक विद्यालयबाट एस.एल.सी. परीक्षामा उत्कृष्ट नम्बर ल्याउने छात्र तथा छात्रालाई पुरस्कार वितरण, जिल्ला बालकल्याण समितिको बैठक, प्रकाशन तथा जिल्लास्तरीय निवन्ध प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्ने रहेछ । कार्यक्रमको सम्बन्धमा वहाँसँग छलफल गरी जानकारी लिइयो । प्रमुख जिल्ला अधिकारी संयोजक रहने जिल्ला बालकल्याण समितिको बैठकको निर्णयबाट कार्यक्रम सञ्चालन गर्ने गरेको रहेछ । सञ्चालिन कार्यक्रमको प्रगति सम्बन्धमा जिल्ला बालकल्याण समितिमा अधिकृतले प्रतिवेदन पेश गरेको पाइएन । समितिले समेत सो सम्बन्धमा चासो लिने गरेको देखिएन । प्रगति प्रतिवेदन सीधै केन्द्रिय बालकल्याण समितिमा पेश गरेहुने अवस्था रहेछ ।

सञ्चालिन कार्यक्रमका बारेका जिल्लामा रहेको समितिले समेत अनुगमन गर्ने गरेको पाइएन । अधिकृतको तलव केन्द्रिय बालकल्याण समितिले सीधै निजको बैंक खातामा राखिदिने रहेछ । एउटै कार्यालय भवनमा रहेको महिला तथा बालबालिका कार्यालयसँग बालकल्याणको कार्यक्रमका बारेमा समन्वय गर्ने गरेको पाइएन । कार्यालय बालबालिका विषयमा सञ्चालन गरिने कार्यक्रमका बारेमा वेखबर हुने स्थिति रहेछ ।

## समस्या तथा समाधान

१. समितिमा दोहोरोपना भएको बुझियो । जिल्लामा बाल कल्याणकालागि काम गर्नकालागि सेभ द चिल्ड्रेन, सिविन तथा बालमैत्री स्थानीय शासन आदिले फरक-फरक समितिहरूको व्यवस्था गरेको पाइयो । जिल्लाभित्र बालकल्याणका विषयमा आवश्वयक काम गर्नकालागि एकै किसिमको समितिको व्यवस्था हुनु पर्ने । सोकालागि सम्बन्धित मन्त्रालय, विभाग तथा केन्द्रिय बालकल्याण समितिबीच समन्वय हुनुपर्ने ।

२. कार्यक्रममा खर्च गर्ने निर्देशिका भएको पाइएन । तसर्थ सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शि बनाउनकालागि निर्देशिकाको आवश्वयकत देखिन्छ । सोकोलागि केन्द्रिय बालकल्याण समितिले गृहकार्य गर्नुपर्ने देखिन्छ ।

३. सञ्चालित कार्यक्रमको सम्बन्धमा जिल्ला बालकल्याण समिति तथा केन्द्रबाट समेत अनुगमन तथा मूल्याङ्कन भएको देखिएन । तसर्थ सञ्चालित कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कनकालागि जिल्लास्तरीय समिति तथा केन्द्रलाई जिम्मेवार बनाइनुपर्ने ।

४. बाल कल्याणका क्षेत्रमा जिल्ला महिला तथा बालबालिका कार्यालयको भूमिकालाई स्वीकार गरेको देखिएन । कार्यक्रम सञ्चालनका सम्बन्धका कार्यालयसँगै भएको बाल अधिकार अधिकृतले समन्वय गर्ने गरेको देखिएन । जिल्ला स्तरमा बालकल्याण विषयमा सञ्चालन गरिने सम्पूर्ण कार्यक्रम महिला तथा बालबालिकाका विषयमा सरोकोर हुने महिला तथा बालबालिका कार्यालयमार्फत सञ्चालन गरिनुपर्ने ।

५. जिल्लामा सञ्चालन गरिने कार्यक्रमका कागजात जिल्लामा राख्ने गरेको रहेनछ । लेखापरीक्षणकालागि सम्पूर्ण कागजात केन्द्रिय बाल कल्याण समितिमा पठाउने गरेका कारण आफुसँग कागजाच नरहेको भनाइ रहयो । कामका सिलसिलामा प्राप्त तथा सुजना भएका कागजात रेकर्डकालागि सम्बन्धित कार्यालयमा अनिवार्य रुपमा रहनुपर्ने ।

## जिल्ला शिक्षा कार्यालय, बाजुरा






*जिल्ला शिक्षा कार्यालय, बाजुराका कर्मचारीसँग छलफल ।*

अनुगमन गर्ने क्रममा जिल्ला शिक्षा अधिकारी लगायत अन्य कर्मचारीसँग कार्यालयबाट सञ्चालित निरक्षरता उन्मूलन,विद्यालय भवन तथा छात्रा शौचालय निर्माण, पूर्व बाल विकास तथा शिक्षाकालागि खाद्यन्न कार्यक्रमका बारेमा छलफल गरियो ।

(क) मिति २०७१/१२/०५ देखि सञ्चालन भएको एस.एल.सी. परीक्षाको समेत निरीक्षण गरियो । मालिका उच्चमाध्यमिक विद्यालयमा परीक्षा शान्त वातावरणमा अनुशासित ढंगले सञ्चालन भएको देखियो ।






(ख) चालु आ.ब. २०७१/७२ मा जम्मा २७ वटा भवन निर्माणाधीन रहेको पाइयो । क्रमागत चारकोठे ४ वटा भवन जस्कालागि रु १०+१४ लाख लागत , दुई कोठे ५ वटा ७.५+८ लाख, मर्मत ५ वटा प्रत्येककालागि रु ५ लाख, मर्मत ८ वटा प्रत्येककालागि रु २ लाख तथा बाह्य वातावरण ५वटा प्रत्येककालागि रु २.५ लाखको बजेटमा निर्मार्णाधीन रहेको पाइयो । निर्माणको प्रगति स्थितिका सम्बन्धमा स्पष्ट जानकारी कार्यालयबाट प्राप्त हुन सकेन ।

छात्रा शौचालय निर्माणकालागि चालु आ.ब. २०७१/७२ मा रु १.८० करोड बजेट रहेको पाइयो । यसबाट ४५ विद्यालयमा शौचालय निर्माण सम्पन्न गरिने र प्रत्येककालागि रु ४ लाख विनियोजन गरियो बुझियो । ४

लाखमध्ये २.५० लाख संरचना निर्माण तथा १.५० लाख खानेपानी सरसफाईकालागि बाँडफाँड गरी कार्यान्वयन भैरहेको पाइयो ।

शान्ति कोषबाट प्राप्त बजेटबाट समेत जिल्ला विकास समितिमार्फत विद्यालय भवन निर्माण हुने गरेको पाइयो । तर सो सम्बन्धमा कार्यालयलाई जानकारी नगराइने, छलफल तथा परामर्श समेत नगरिने हुँदा दोहोरो पनि पर्ने गरेको भनाई सुनियो । समन्वय गर्ने गरेको रहेनछ ।

(ग) प्रारम्भिक बाल विकास केन्द्र विद्यालय तथा समुदाय स्तरमा सञ्चालन भैरहेको पाइयो । समुदायमा सञ्चालन भएका बाल विकास केन्द्रहरु थोरै समय चल्ने  र बन्द हुने गरको पाइयो । यसमा समुदायको स्वामित्व भएन ।

(घ) वि.सं. २०६८ सालदेखि विद्यालय मिलाउन हुन नसकेको देखियो । विद्यालय गाभ्नुपर्ने धेरै भएको बुझियो । कैलाशमाण्डौ गा.वि.स.मा मात्र २४ वटा विद्यालयहरू रहेको पाइयो । सबै आवश्यक नभएको जानकारी भयो । केहीलाई १-८ बाट १-५ कक्षामा झारिएको जानकारी प्राप्त भयो ।

| **आयोजनाको नाम** | **सूचकहरु** | **लक्ष्य** | **प्रगति/हालको स्थिति** | **लक्ष्य र प्रगतिबीचको अन्तर** | **कारण** | **वार्षिक बजेट (रु हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम | कुल भर्ना दर | | | | | | |
| | सहजै देखिने भर्ना दर | | | | | | |
| | प्राथमिक(खुद भर्ना दर) | १०० | ९३.५ | | | | |
| | आधारभूत (खुद भर्ना दर) | १०० | ६७ | | | | |
| | माध्यमिक खुद भर्ना दर (९-१०) (९-१२) | | २९ | | | | |
| | विद्यालय संख्या | | | | | | |
| | सामुदायिक | | २७२ | | | | |
| | संस्थागत | | १४९ | | | | |
| | संस्थागत | | २३ | | | | |
| | बाल विकास केन्द्रहरुको(ECD) संख्या -विद्यालय/बाहिर) | | २२३ | | | | |
| | कक्षा १ मा ECD अनुभवसहित भर्ना प्रतिकत | | ३५ | | | | |
| | कक्षा ५ सम्म निरन्तरतत | | | | | | |
| | कक्षा ८ सम्म निरन्तरता | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा १० सम्म निरन्तरता | | | | | | |
| | लैङ्गिक समता प्राथमिक तह | | | | | | |
| | आधारभूत तह | | | | | | |
| | माध्यमिक तह | | | | | | |
| | भवन निर्माण | | १४ वटा | | | | मर्मत तथा बाह्य वातावरण समेत । |
| | शान्तिकोषबाट भवन निर्माण | | - | | | | |
| | छात्रा शौचालय स्थिति | | ४५ | | | | |
| | छात्रावृत्ति पाउने छात्र | | - | | | | |
| | मा.वि सीमान्तकृत | | | | | | |
| | छात्रा | | ११८०६ जना | | | | |
| | दलित | | १०६७७ जना | | | | |
| | नि:शुल्क पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी संख्या | | ३५३३८ जना | | | | सबैजना सबै तहका । |
| | स्वीकृत शिक्ष दरवन्दी | | ७१० सबै तह | | | | |
| | स्थायी | | | | | | |
| | अस्थायी | | | | | | |
| | शिक्षक मिलानको स्थिति | | | | | | २०६८ सालमा मिलान भएको तर हाल नभएको । |
| | शिक्षक विद्यार्थी अनुपान | | | | | | |
| | प्राथमिक तह | | १ :४७ | | | | |
| | आधारभूत तह | | - | | | | |
| | माध्यमिक तह | | - | | | | |
| | शिक्षक तालीम | | ९७.४५ प्रतिशत | | | | |
| | शिक्षक काजको स्थिति | | ४ जना मात्र | | | | |
| | विद्यालय मसलन्द | | | | | | |
| | प्राथमिक तह | | रु १२,०००। | | | | प्रति विद्यालय |
| | निम्नमाध्यमिक | | रु १५,०००। | | | | ,, |
| | माध्यमिक | | रु २१,००० । | | | | ,, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | | | | | | |
| | प्राथमिक तह | | ३५००। प्रति महिना | | | | |
| | निम्नमाध्यमिक | | ६२००। | | | | |
| | माध्यमिक | | ८२०० | | | | |
| | सार्वजनिक सुनुवाईको स्थिनि | | | | | | |
| | स्रोत केन्द्रहरुको संख्या र बजेट | | ८ वटा | | | | |
| | अनौपचारिक शिक्षा तथा साक्षर नेपाल कार्यक्रम | | | | | | |

स्रोत : जिल्ला शिक्षा कार्यालय

| **आयोजनाको नाम** | **सूचकहरु** | **लक्ष्य** | **प्रगति/हाल को स्थिति** | **लक्ष्य र प्रगति बीचको अन्तर** | **कारण** | **वार्षिक बजेट (रु ह्जारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | साक्षरता दर ( जम्मा ) प्रतिशत | | | | | | |
| | ६ वर्ष भन्दा माथि | | ६८ % | | | | |
| | १५ वर्षमाथि | | ४८.५% | | | | |
| | १५-२४ वर्ष उमेर समूह | | - | | | | |
| | जम्मा कक्षा सञ्चालन | | | | | | |
| | जम्मा लाभान्वित जनसंख्या | | | | | | |
| | महिला | - | | | | | |
| | पुरुष | | | | | | |
| | सीप तालीम | | | | | | |
| | पुनरावृत्ति | | | | | | |
| | सामुदायक अध्ययत केन्द्रहरुको संख्या | | २७ वटा | | | | प्रत्येक गा.वि.स.मा १/ १ वटा |
| सीप विकास कार्यक्रम सञ्चालन बारेको केही जानकारी | | | | | | | |

स्रोत : जिल्ला शिक्षा कार्यालय, बाजुरा

## बेरुजु अङ्क

आ.ब. २०७०/७१ को अन्त्यसम्म  जिल्ला शिक्षा कार्यालयको जम्मा रु ३४,४६,२१४/ रहेको पाइयो ।

शिक्षक तलवी प्रतिवेदन पास पाइयो । सबै स्थायी शिक्षकले व्यक्तिगत फाराम (सिटरोल) भरे, भराएको जानकारी भयो । आ.ब. २०७१/७२ मा सबै शिक्षकले सम्पत्ति विवरण पेश गरेको समेत पाइयो ।

## समस्या तथा समाधान

१. आफ्नै कार्यालय भवन नभएकोले भाडामा लिएको जीर्ण भवनमा कार्यालय सञ्चालन भैरहेको रहेछ । पुराना जीर्ण भवन तथा साँगुरो कोठाका कारण कार्यसम्पादन गर्न असजिलो भएको पाइयो । कार्यालय निर्माणकालागि सार्वजनिक जग्गा समेत नभएको अवस्था देखियो । कार्यालय भवन निर्माणकालागि स्थानीय स्तरमा जग्गाको व्यवस्था गरी कार्यालय भवन निर्माण गर्नकालागि सम्बन्धित मन्त्रालय, विभाग, स्वयम कार्यालय तथा स्थानीयले सहयोग तथा समन्वय गर्नुपर्ने ।

२. कामकाजमा खटाइएका विद्यालय निरीक्षक तथा प्राविधिक जनशक्ति विभाग /मन्त्रालयमा लामो समयसम्म काजमा बस्ने प्रवृत्ति रहेछ । जसका कारण कार्यालयमा जनशक्तिको कमी हुन गई कार्यसम्पादनमा बाधा परिहेको बुझियो । विभाग/ मन्त्रालयले कर्मचारीलाई लामो समयसम्म काजमा राख्ने चलनलाई निरुत्साहित गर्नुपर्ने ।

३. विद्यालय निर्माणका सम्बन्धमा कार्यालयको फितलो जिम्मेवारी देखियो । जिल्लाभित्र निर्माण भैरहेका विद्यालयको भवनको प्रगतिको सम्बन्धमा कार्यालय जिम्मेवार भएको पाइएन । तसर्थ सम्बन्धित विद्यालय, स्रोत केन्द्र तथा कार्यालयलाई पूर्ण जिम्मेवार बनाउने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

४. कमजोर अनुगमनको अवस्था रहेको पाइयो । मन्त्रालय तथा विभागबाट आवाधिक अनुगमन भएको देखिदैन । सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयबाट समय समयमा अनुगमन गर्ने गरेको भए पनि कार्यालयले सम्पादन गरिहेको कार्यका सम्बन्धमा केन्द्रित भएर समस्या समाधान गर्ने हिसावले अनुगमन गरेको निरीक्षणबाट देखिएन । मन्त्रालय तथा विभागबाट आवाधिक अनुगमन गर्नुपर्ने । त्यस्तैगरी सम्बन्धित क्षेत्रीय निर्देशनालयबाट नियमित अनुगमन गर्नुपर्ने । कार्यालयले सम्पादन गर्ने कामका सिलसिलामा आइपर्ने समस्याको गाँठो फुकाउने कार्यमा अनुगमनलाई केन्द्रित गर्नुपर्ने ।

## शिक्षाकालागि खाद्य ( Food for Education) कार्यक्रम

(क) शिक्षा कार्यालय मातहतमा रहेको शिक्षाकालागि खाद्य कार्यक्रम इकाई कार्यालयसँग कार्यक्रमका बारेमा छलफल गरियो । यो संयुक्त राष्ट्रीय खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित कार्यक्रम हो । खाद्य कार्यक्रमको माध्यबाट शिक्षामा सुधार ल्याउने उद्देश्यले आ.ब. २०५७/५८ देखि यो कार्यक्रम शुरु गरियो बुझियो । शुरुमा ५००० हजार विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रम हाल २१ गा.वि.स. प्रारम्भिक बाल विकास केन्द्र तथा अन्य विद्यालय गरी जम्मा २१८ वटा विद्यालयका लगभग १५,००० हजार विद्यार्थीकालागि सञ्चालन भएको पाइयो । पहिला छात्रालाई २ लिटर खाने तेल वितरण गर्ने गरेकोकाले विद्यालयमा छात्राको हाजिरी संख्या बढाएको धारणा पाइयो । सो कार्यक्रमकालागि जिल्लामा समन्वय कार्यालय रहेको पाइयो । उक्त कार्यालयमा १ अधिकृत तथा २ जना ना.सु स्तरको कर्मचारी कार्यरत रहेको पाइयो । गा.वि.स.मा ५ वटा वितरण केन्द्र रहेको । उक्त केन्द्रमा १/२ जना कर्मचारी रहेको पाइयो । वितरण केन्द्रबाट पिठो खाजा व्यवस्थापन समितिले विद्यालयमा लैजाने र खाजा तयार गरी विद्यार्थीलाई वितरण गर्ने गरेको जानकारी भयो ।

(ख) जिल्ला समन्वय तथा अनुगमन समितिको निर्णयानुसार कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रम सञ्चालनका लागि गा.वि.सं. छनौट गर्ने अधिकार सो समितिलाई दिइएको बुझियो । निर्णयको आधार मौखिक

रूपमा दलित, जनजाति, पिछडिएको वर्ग भएको गा.वि.स. बताए पनि सो विषय उल्लेख गरी समितिले निर्णय गरेको देखिएन ।

## समस्या तथा समाधान

१. आ.ब. २०५७/५८ देखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको यो कार्यक्रमको प्रभावकारीता मूल्याङ्कन भएको पाइएन । मौखिक रूपमा यसले विद्यालय उपस्थिति तथा सिकाइमा सुधार पुगेको भनिएतापनि कार्यक्रम लागू भएको र नभएको गा.वि.स.का बीच तुलनात्मक अध्ययन गरी प्राप्त नतिजाको आधारमा कार्यक्रमको प्रभावकारीता आँकलन नगरी निरन्तर कार्यक्रम चल्दै आएको देखियो ।

२. खाद्य वस्तु सुरक्षित भण्डारणकालागि जिल्लामा मुख्य गोदामको व्यवस्था हुन नसकेको रहेछ । तसर्थ सहयोगी निकाय, सम्बन्धित विभाग तथा मन्त्रालयको समन्वयमा सो व्यवस्था हुनुपर्ने ।

३. कार्यक्रम सञ्चालन भएका सबै गा.वि.सं हरूमा पायक पर्ने गरी वितरण केन्द्रको व्यवस्था नभएकाले सो सम्बन्धी व्यवस्था गर्नुपर्ने ।

४. वितरण गरिने खाद्यबस्तुको गुणस्तरका बारेमा हालसम्म अध्ययन गरेको रहेनछ । भण्डारण खाद्यबस्तु अमेरिकाबाट तयार भई आउने गरेको बुझियो । उपयोग अवधि ६ महिना उल्लेख भै आउने गरेको बुझियो । गुणस्तर तथा भण्डारणकालागि स्पष्ट मापदण्ड हुनुपर्ने ।

५. स्थानीय स्तरमा उत्पादन तथा उपलव्ध हुने खाद्यबस्तुको उपयोग गरी पिठो बनाउनेतर्फ अध्ययन गरिएको पाइएन । स्थानीय स्तरमा उत्पादन हुन सक्ने भटमास, मकै, जौ, गहुँ, कोदो जस्ता वस्तुहरूको उपयोग गरी पोषिलो पिठो उत्पादन गरी वितरण गर्ने सम्बन्धमा तत्काल कार्य अगाडि बढाउनुपर्ने ।

## पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना, बाजुरा




सन् २००३ मा पश्चिम पहाडका ११ जिल्लाहरू : हुम्ला, कालिकोट, बझाङ, बाजुरा, रुकुम, रोल्पा, जाजरकोट, दैलेख, मुगु, जुम्ला तथा डोल्पामा कार्यान्वयन शुरु भएको रहेछ । हाल मुगु, जुम्ला र डोल्पा बाहेकका ८ जिल्लाहरूमा कार्यान्वयन भैरहेको देखियो । यो आयोजना विभिन्न तीन चरणमा कार्यान्वयन गरिने भनिएकोमा पहिलो चरणमा सन् २००३ देखि २००७ सम्म, दोस्रो चरणमा सन् २००७ देखि २०१२ सम्म रहेका तथा तेस्रो चरण सन् २०१३ देखि २०१६ सम्मको रहेको पाइयो । बाजुरा जिल्लाका २७ गा.वि.स मध्ये ( हाल २४ र एक नगरपालिका) १८ वटा गा.वि.स.मा सञ्चालन भैरहेको पाइयो । शुरुमा यो आयोजना रु ६०/७० लाखबाट कार्यान्वयन शुरु भएकोमा चालु आ.ब २०७१/७२ मा रु ५२९९१ हजार बजेट विनियोजन भएको देखिन्छ । आयोजनाका कर्मचारीसँग छलफल गरी जानकारी लिइयो ।



**आयोजनाका कर्मचारीसँग छलफल गरेको अवस्था ।**

अभिमुखीकरण तालीम कार्यक्रम

तालीम सञ्चालन गर्नुपूर्व प्रत्येक वार्डमा नक्साङ्कन गरी लक्षित वर्ग (गरिब)को पहिचान गरिने रहेछ । गरिबलाई क, ख, ग वर्गमा वर्गीकरण गरिएको बुझियो । प्रत्येक वार्डमा १/१ जनाका दरले हुनेगरी अति

गरिबको समूह रहेछ । क वर्गका अति गरिबकालागि सबभन्दा पहिले कार्यक्रम सञ्चालन गर्ने गरेको बुझियो । जिल्लामा क र ख वर्गकालागि कार्यक्रम सञ्चालन गरिएको पाइयो । प्रति हप्ता १ दिनको हिसाबले २० हप्तासम्म कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । एक कक्षामा २५ जना सहभागी रहने बुझियो । यस्तो तालीम आर्य आर्जनका काम गर्न इच्छुककालागि मात्र सञ्चालन गरिने जानकारी पाइयो । तालीमको सिलसिलामा जग्गा भाडामा लिएर कृषि सम्बन्धी आयमूलक कार्य गराउने गरेको बुझियो । यो कार्यक्रम सञ्चालन गर्न १ लाख ४३ रुपयाँ विनियोजन गरिएको रहेछ । कृषि विषयमा ३५ दिने तालीम लिएका प्राविधिकले सो समूहलाई तालिम दिने गरेको पाइयो । यस्तो तालीम सञ्चालनका सम्बन्धमा कुनै पनि निर्देशिका भएको पाइएन । प्रशिक्षकलाई अर्थ मन्त्रालय र जि.वि.सं को नर्म्स ननाग्घे गरी प्रतिदिन रु १२००। प्रशिक्षक भत्ता दिने गरिएको रहेछ । स्थानीय विकास अधिकारी अध्यक्ष रहने आयोजना व्यवस्थापन समितिको बैठकको निर्णयानुसार कार्यक्रम सञ्चालन गरिने ।

**बेरुजु अंक**

मिति २०७१ असार मसान्तसम्म जम्मा रु ५१,४८,४९१.३०/ बेरुजु रहेको देखियो ।

**समस्या तथा समाधान**

१. जिल्ला तथा कार्यक्रम कार्यान्वयन भएका गा.वि.स.मा विभिन्न किसिमका २२ जना कर्मचारीहरूको व्यवस्था गरिएको देखिन्छ । तर ती कर्मचारीहरूले सञ्चालित कार्यक्रमका सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने गरेको पाइएन । जिल्लाबाट सम्पादन भएका कार्यका सम्बन्धमा आवाधिक - मासिक, चौमासिक तथा अर्धवार्षिक प्रतिवेदन समेत केन्द्रमा पठाउने गरेको रेकर्डबाट देखिएन । तसर्थ सम्पूर्ण कर्मचारीलाई आफ्नो कामका सम्बन्धमा अनिवार्य प्रतिवेदन पेश गर्ने व्यवस्था गरी आफ्नो कामको सम्बन्धमा जिम्मेवार बनाइनु पर्ने ।
२. गरिवी निवारणको नाममा विभिन्न निकायकाबाट सञ्चालित कार्यक्रममा दोहोरोपना देखिन्छ । जिल्ला कृषि विकास तथा पशुसेवा लगायत अन्य कार्यालयले कृषि तथा पशुपालन सम्बन्धका लक्षित वर्गलाई तालीम दिने, वीऊ वितरण तथा कुखुरा, गाई, बाख्रा, भैंसी जस्ता पशु तथा पंक्षी वितरण गर्ने गरेको देखिन्छ । त्यस्तै गरी उक्त आयोजना समेतले सोही प्रकृतिको काम गरिरहेको रहेछ । तसर्थ गरिवी निवारणका नामम विभिन्न निकायहरूबाट सञ्चालन गरिने कार्यक्रमबीचको दोहोरोपना हटाउनुपर्ने ।
३. निकायगत समन्वयको कमजोर अवस्था रहेछ । गरिब घर परिवारका सदस्यहरूकालागि पोषण, आधुनिक कृषि तथा पशु पालन विषयमा तालीम सञ्चालन गर्ने गरेको पाइयो । तर उक्त कार्य गर्दा जिल्ला स्थित सम्बन्धित विषयगत निकायसँग समन्वय नगरी कार्यक्रम सञ्चालन गर्ने गरेको बुझियो । तसर्थ जिल्ला यस्ता कार्यक्रम सञ्चाल गर्नुपूर्व सम्बन्धित विषयमा प्राविधिक ज्ञान भएका कार्यालयहरूसँग समन्वय गरी कार्यक्रम गर्नुपर्ने ।
४. अनुगमन तथा मूल्याङ्कनको कमजोर अवस्था रहेछ । आयोजना सञ्चालनमा ठूलो जनशक्ति र वर्षेनी धेरै धनराशी प्रयोग भैरहेको अवस्था जिल्लामा रहेको आयोजना व्यवस्थापन समिति, सम्बन्धित मन्त्रालय समेतबाट सञ्चालित कार्यक्रमको आवाधिक अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । निर्देशिका तयार गरी नियमित अनुगमन तथा मूल्याङ्कनकालागि जिल्लास्थिति निकाय तथा केन्द्रलाई जिम्मेवार बनाउनुपर्ने ।

## जिल्ला स्वास्थ्य कार्यालय, बाजुरा



(क) जिल्ला स्वास्थ्य कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा प्रवाह गरेको सेवा सुविधाका सम्बन्धमा जिल्लामा कार्यरत कर्मचारीहरूसँग छलफल गरी जानकारी लिइयो । १५ शैयाको स्वीकृत जिल्ला अस्पताल रहेको भएपनि विरामीको चापलाई विचार गरी २५ शैयासम्म सञ्चालन गरिरहेको बुझियो । लामो समयसम्म जिल्ला अस्पतालमा सुपरिटेन्डेन्ट नभएकाले कार्य गर्न बाधा पुगेको रहेछ ।

(ख) पुरानो भवनमा अस्पताल सञ्चालन भइरहेको पाइयो । अस्पताल वरिपरि खाली जमिन रहेकोले स्थानीयले चौपाय चराउने कार्यको रूपमा प्रयोग गर्ने प्रवृत्ति देखियो । सो विषयलाई नियन्त्रण गर्न अस्पताल प्रशासन स्वयमले नसकेको भनाइ रहेको पाइयो । अर्कोतर्फ बजारको फोहर मैला समेत हाकाहाकी फ्याक्ने गरेको जानकारी कार्यालयका कर्मचारीबाट बुझियो ।

(ग) अस्पतालभित्रको सरसफाईको अवस्था उत्कृष्ट रहेको पाइयो । प्रयोगशालाको अवस्था राम्रो रहेको देखियो । औषधि भण्डारणको अवस्था समेत राम्रो भएको पाइयो । म्याद गुज्रिएका औषधिहरू रहेको पाइएन ।



जिल्ला स्वास्थ्य कार्यालयका कर्मचारीसँग छलफल गरेको अवस्था ।



२० वर्षे पुरानो एक्सरे मेशिन

(घ) जिल्लाभित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप स्वास्थ्य चौकीहरूमा कार्यरत प्रमुखहरूसँग समीक्षा कार्यक्रम भैरहेको अवस्थामा सहभागीहरूसँग उनीहरूबाट प्रवाह भइरहेको सेवा सुविधाका सम्बन्धमा छलफल गरियो ।



जिल्लाका स्वास्थ्य संस्थाका प्रमुखहरूसँग छलफल गरेको अवस्वा ।

(ङ) भौगोलिक विकटता मौषमी बसाइसराईका कारण  विच्छ्या गा.वि स. मा सेवा स्वास्थ्य सेवा प्रवाह गर्न कठिन रहेको जानकारी भयो । बाजुरा जिल्लाको लगभग एकतिहाई भूभाग यो गा.वि.स.ले ओगटेको रहेछ । कुल जनसंख्या ३१०० रहेको तर  खोप सेवा समेत उपलव्ध गराउन नसकिएको अवस्था  रहेको जानकारी पाइयो  ।

(च) दरकोट स्वास्थ्य चौकी भवन जीर्ण भएकोले सोमा कार्यसम्पादन समस्या भएको बुझियो । सापटा स्वास्थ्य चौकी रु १.६४ करोड लागतमा निर्माणाधीन रहेको पाइयो । डोगढी स्वास्थ्य चौकी भवन एकवर्षदेखि वनिरहेको तर निर्माणको कार्य सन्तोषजनक नभएको भनाइ सुनियो । गुदखादि स्वास्थ्य चौकीकालागि जग्गा भएको तर भवन निर्माणको कार्यकालागि पहल हुन नसकेको पाइयो ।

(छ) चालु आर्थिक वर्ष २०७१/७२ मा विभागबाट दिएको कार्यक्रमहरूको खर्च गर्ने अख्तियारी हेर्दा मिति २०७१/०६/२७ देखि मिति २०७१/०८/०२ सम्म ६ पटक रहेछ । एउटै कार्यालयलाई एउटै विभागबाट खर्च गर्ने अख्तियारी प्रदान  गर्ने सम्बन्धमा यसरी गरिएको विलम्वले कार्यक्रम कार्यान्वयनमा नकारात्मक असर पर्ने तर्फ ध्यान दिन नसकेको पाइयो ।

**बेरुजू अङ्क**

आ.ब २०७०/७१ को अन्त्यसम्मा रु १,४८,२८,०००/ बेरुजु रहेकोमा तवली प्रतिवेदन पारित नगरेको कारण लेखेको रु ६७,००,०००/बेरुजु तलवी प्रतिवेदन पारित गरिसकेकोले लगत कट्टाकालागि पठाइसकिएको जानकारी पाइयो । अव कायम हुने कुल बेजुरु रु ८१,२८,०००/ हुन आउने देखिन्छ ।

**समस्या तथा समाधान**

१ नयाँ आ.ब.मा खर्चको अख्तियारी ढिलो आउने तर प्रसुती सेवा नियमित हुने हुँदा प्रसुती प्रोत्साहन प्रदान गर्न समस्या हुने गरेको सम्बन्धित कर्मचारीको रहेको पाइयो । के कस्तो व्यवस्था गरेमा प्रसुती सेवा प्रवाहमा परेको समस्यालाई सुल्झाउन सकिन्छ सो विषयमा जिल्ला, क्षेत्र तथा केन्द्रबीचको समन्वयमा गृह कार्य गरिनुपर्ने ।

२ आमा तथा नवजात शिशुकालागि प्रदान गरिने न्यानो झोला खरिद गर्ने कार्य चालु आर्थिक वर्षदेखि जिल्लामा नै गर्नकालागि केन्द्रबाट निर्देशन भएको पाइयो । तर सोकालागि VAT Bill, PAN Bill मा दर्ता भएको फर्मसँग कारोवार गर्नुपर्ने हुँदा त्यस्तो फर्म हालसम्म जिल्लामा नभएकोले कार्य गर्न समस्या परेको रहेछ । यस्तो अवस्थामा नजिकैको जिल्लामा भएको फर्मसँग कारोवार गर्नुपर्ने विषयमा केन्द्र तथा जिल्लाबीच समन्वय हुनुपर्ने ।

३ Birthing Centre निर्माण गर्दा न्यूनतम आवश्यकता जस्तै अलग्गै प्रसुती कोठा, फर्निचर तथा उपकरणको व्यवस्था नगरी निर्माण गरिएकोले सेवा प्रवाह गर्न समस्या भएको रहेछ ॥ तसर्थ Birthing Centre निर्माण गर्नु पूर्व प्रसुती सेवाकालागि न्यूतम आवश्यक पूर्वाधार व्यवस्थाको विस्तृत अध्ययन गरी सोको आधारमा कार्य गर्नुपर्ने । सोकालागि जिल्ला, स्थानीय स्तर, क्षेत्र तथा केन्दबीच समन्वय हुनु आवश्यक देखिन्छ ।

४ जिल्लाबाट जिल्लाभित्रका अन्य स्वास्थ्य संस्थाहरूमा आपूर्ति औषधिका विषयमा समस्या रहेको बुझियो । स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरूले २२ किसिमका निःशुल्क औषधी वितरण गर्ने गरेको बुझियो । न्यून उपयोग समयावधि भएको औषधि जिल्लाबाट प्राप्त हुने गरेको रहेछ । औषधिको लिस्ट माग अनुसार प्राप्त नहुने गरेको जुनासो सुनियो । सेवाग्राहीलाई सिटामोल समेत उपलव्ध गराउन नसिने अवस्था रहेछ भने अर्कोतर्फ फेनोआर्विटेन (छारेरोगको औषधि) फालाफाल जिल्लाबाट आपूर्ति गर्ने गएको सुनियो । माग गरिएको मिजोप्रोष्टेल नाम औषधि आपूर्ति नहुने अवस्था रहेछ । यस्तो समस्यालाई समाधान गर्नकालागि सम्बन्धित स्वास्थ्य संस्थाहरुसँग छलफल गरी औषधिको आवश्यकताको प्रक्षेपण गरी  आपूति गर्ने प्रणालीको विकास गर्नुपर्ने ।

५ सामान तथा ढुवानी खर्चमा समस्या भएको पाइयो । बाजुरा जिल्लाकालागि स्वास्थ्य सेवा प्रवाहका निमित्त प्राप्त सामान ढुवानी गर्ने खर्चको नहुने कारण समस्या सृजना भएको सुनियो । सदरमुकानबाट ४० कोषसम्म टाढा रहेको स्वास्थ्य चौकीमा औषधि तथा अन्य सामान पु-याउनु पर्ने । ढुवानी दररेट भन्दा भिन्न माग भएको हुँदा समस्या परेको सुनियो । सामान ढुवानीको समस्यालाई संवोधन गर्न सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय प्रशासन तथा स्थानीय निकायबीच समन्वय हुनुपर्ने देखिन्छ ।

६ स्वास्थ्य संस्थाको निर्माणको विषयमा कमजोर समन्वयको अवस्था देखिन्छ । जिल्ला स्वास्थ्य कार्यालय पुरानो जीर्ण भवनमा कार्य गरिएको तर नयाँ भवन निर्माणकालागि विगत दुई आ.ब.देखि बजेट विनियोजन गरिएको भएपनि शहरी विकास डिभिजन कार्यालय, डोटीले डिजाइन तयार नगरेका कारण हालसम्म कार्यारम्भर हुन नसकेको रहेछ । अर्कोतर्फ शहरी विकास डिभिजन कार्यालयले निर्माण गराइरहेको भवनहरुको प्रगति स्थिति पनि संतोषजनक नभएको देखियो । स्वास्थ्य संस्थाहरुको निर्माणकालागि आवश्यकता पहिचान गरेर बजेट रकमको व्यवस्था गर्ने जिल्ला स्वास्थ्य तथा निर्माणको जिम्मा लिने शहरी विकास तथा भवन डिभिजन कार्यालयबीच समन्वय भएको देखिएन । यस्ता समस्यालाई निराकरण गरी भवन निर्माण कार्यलाई मितव्ययी, गुणस्तरीय तथा प्रभावकारी बनाउनकालागि भवनको डिजाइनदेखि निर्माण सम्पन्न गरी हस्तान्तरणसम्मको चरणमा दुवै निकायलाई जिम्मेवार बनाइनुपर्ने ।

७ अस्पताल व्यवस्थापन समिति तथा स्वास्थ्य सेवा व्यवस्थापन समितिले प्रभावकारी रुपमा कार्य गरेको पाइएन । स्वास्थ्य तथा जनसंख्याको मन्त्रीस्तरीय निर्णयबाट अस्पताल व्यवस्थापन समितिको अध्यक्ष नियुक्ति भएको पाइयो । जिल्ला अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरुलाई सुरक्षित गर्ने विषयमा समितिहरु गम्भिर भएको देखिएन । स्वास्थ्य सेवा जस्तो संवेदनशीन विषयलाई समितिबाट प्रभावकारी बनाउन आवश्यक निर्णय भएको देखिएन ।

८ औजार उपकरणको व्यवस्था हुन सकेको देखिएन । बीस वर्षे पुरानो एक्सरे मेसिन रहेको देखियो । विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम उक्त मेशिन सञ्चालन गर्न नपाइने तर प्रयोग गर्न बाध्य भएको जानकारी पाइयो । यो मेशिनलाई Replace गरी नयाँ मेशिनको व्यवस्था गर्न अस्पताल व्यवस्थापन समितिले क्षेत्र तथा केन्द्रसँग समन्वय गर्नुपर्ने ।

९ लामो समयदेखि अस्पतालमा सुपरिटेन्डेन्ट नभएकोले कामकाजमा बाधा पुगेको देखियो । त्यस्तैगरी पव्लिक हेल्थ नर्सको व्यवस्था हुनपर्नेमा सो समेत नभएको जानकारी पाइयो । जिल्लामा स्वास्थ्य सेवा प्रभावकारी बनाउनकालागि अस्पताल प्रमुख लगायत अन्य आवश्यक जनशक्तिको तत्काल व्यवस्था गर्न सम्बन्धित क्षेत्र र केन्द्रले पहल गर्नुपर्ने ।

१० अनुगमनको कमजोर अवस्था पाइयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग तथा क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट चालु आ.ब. २०७१/७२ मा कुनै पनि किसिमको अनुगमन भएको निरीक्षण पुस्तिकाबाट देखिएन । स्वास्थ्य सेवा प्रवाहका विषयमा तालुक निकायबाट निरन्तर अनुगमन हुन आवश्यक देखिन्छ ।

**महिला तथा बालबालिका कार्यालय, अछाम**



महिला तथा बालबालिका कार्यालबाट सञ्चालित कार्यक्रमको सम्बन्धमा महिला विकास अधिकृत गोमा प्रसाई लगायत अन्य कर्मचारीहरुसँग छलफल गरी जानकारी लिइयो ।

आफ्नै भवनमा एकवर्षदेखि कामकाज गर्न शुरु गरेको रहेछ । उक्त भवन शान्ति कोषबाट निर्माण भएको भएता पनि गुणस्तरहीन निर्माणका कारण चारैतिरबाट चुहिने अवस्थामा रहेको देखियो । निर्माण सम्पन्न भएर दुई वर्ष नपुग्दै पुनर्निमाण गर्नुपर्ने अवस्थाले एकातिर राज्यलाई दोहोरो आर्थिक भार पर्ने देखिन्छ भने अर्कातिर निर्माण गराउने । सोको जिम्मेवारी लिने निर्माण कम्पनीको हेल्चेक्राइ प्रष्ट देखिन्छ ।

**जनशक्ति**

महिला विकास अधिकृत-१, महिला विकास निरीक्षक -२, सहायक महिला विकास निरीक्षक -२, लेखापाल -१,महिला कार्यकर्ता ( अस्थायी)-२, बाल अधिकार अधिकृत (करार)-१, कार्यालय सहयोगी (करार) -२ ।

पूर्ति हुन लागेको नयाँ दरवन्दी : बाल संरक्षण निरीक्षक-१, महिला विकास निरीक्षक-१, सहायक महिला विकास निरीक्षक-९ ।

सामाजिक परिचालक -१० जना आफ्नै गा.वि.स.मा कार्यरत छन् । पहिला महिला जागृती तथा आय आर्जन कार्यक्रमकालागि करारमा नियुक्त भएकालाई निरन्तरता दिएको रहेछ । यी परिचालकले कसरी कार्यसम्पादन गरिरहेका छन्, तिनको कामको प्रभावकारीताका विषयमा कार्यालयबाट समीक्षा गरेको पाइदैन ।

झाउपढी निवारण परियोजना

सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा यो परियोजना सञ्चालन भएको पाइयो । परियोजना सञ्चालनकालागि छाउपढी अधिकृत समेतको व्यवस्था गरेको रहेछ । सो परियोजनाले आफै कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । परियोजनाको अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु  महिला विकास कार्यालयबाट प्रमाणित गरी आफैले कार्यान्वयन गर्ने गरेको रहेछ । कार्यान्वयनको चरणमा सम्बन्धित कार्यालयसँग समन्वय गर्ने गरेको पाइएन ।

**बेरुजु अंक**

## जिल्ला शिक्षा कार्यालय,अछाम




जिल्ला शिक्षा कार्यालयबाट कार्यान्वयन भैरहेको कार्यहरुको सम्बन्धमा जिल्ला शिक्षा अधिकारी जवाहरलाल हमालसँग टेलिफोनबाट तथा अन्य कर्मचारीहरुसँग कार्यालयमा छलफल गरी जानकारी लिने काम भयो । कार्यालय सरकारी भवनमा नै रहेछ ।

जनशक्ति व्यवस्था

जिल्ला शिक्षा अधिकारी-१, सहायक जिल्ला शिक्षा अधिकारी-१( हाल अन्यत्रै काजमा), विद्यालय निरीक्षक-५(२ जना विभाग/मन्त्रालयमा काजमा), प्रशासन ना.सु -१(रिक्त), प्रा.स.-५, खरिदार-१, कार्यालय सहयोगी -४ ( १ स्थायी तथा ३ करार), प्राविधिक(ओभरसियर करार)-२, । स्रोत केन्द्र संख्या-१४ मा १२ जना स्रोत व्यक्ति कार्यरत रहेको ।

| **आयोजनाको नाम** | **सूचकहरु** | **लक्ष्य** | **प्रगति/हालको स्थिति** | **लक्ष्य र प्रगतिबीचको अन्तर** | **कारण** | **वार्षिक बजेट (रु हजारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम | कुल भर्ना दर | ५८% | ६२ % | | | | |
| | सहजै देखिने भर्ना दर | – | – | | | | |
| | प्राथमिक(खुद भर्ना दर) | ७२.६ % | ९४.७ % | | | | |
| | आधारभूत (खुद भर्ना दर) | ८६.३ % | ८९.९ % | | | | |
| | माध्यमिक खुद भर्ना दर (९-१०) (९-१२) | ५४.९ % | ४७.८ % | | | | |
| | विद्यालय संख्या | | | | | | |
| | सामुदायिक | | ५१९ | | | | |
| | संस्थागत | | ४९३ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संस्थागत | | २६ | | | | |
| | बाल विकास केन्द्रहरुको(ECD) संख्या - विद्यालय/बाहिर) | | ४५२ | | | | |
| | कक्षा १ मा ECD अनुभवसहित भर्ना प्रतिकत | ५६.९ % | २७.६ % | | | | |
| | कक्षा ५ सम्म निरन्तरतत | ८५.४ % | ७० % | | | | |
| | कक्षा ८ सम्म निरन्तरता | ७४.३ % | ६४.५ % | | | | |
| | कक्षा १० सम्म निरन्तरता | ६५.६ | ६०.२ % | | | | |
| | लैङ्गिक समता प्राथमिक तह | ०.९९ | ०.८६ | | | | |
| | आधारभूत तह | १.०३ | | | | | |
| | माध्यमिक तह | ०.९९ | ०.८५ | | | | |
| | भवन निर्माण | | ८ वटा | | | | २ कोठाको । प्रति भवन रु ३५० हजारका दरले । |
| | शान्तिकोषबाट भवन निर्माण | | - | | | | |
| | छात्रा शौचालय स्थिति | | ४५ वटा नयाँ | | | | |
| | छात्रावृत्ति पाउने छात्र (१-८) | | ३०४५२ जना | | | | |
| | मा.वि सीमान्तकृत | | | | | | |
| | छात्रा | | | | | | |
| | द्यलित | | १५५९९जना | | | | |
| | निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी संख्या | | ९६२९९जना | | | | सबैजना सबै तहका । |
| | स्वीकृत शिक्ष दरवन्दी | | १०५२ सबै तह | | | | |
| | स्थायी | | ६६६ जना | | | | |
| | अस्थायी | | ३८६ जना | | | | |
| | शिक्षक मिलानको स्थिति | | भएको | | | | २०६८ सालमा मिलान भएको तर हाल नभएको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक विद्यार्थी अनुपात | | | | | | |
| | प्राथमिक तह | ३४ | २५ :१ | | | | |
| | आधारभूत तह | ३० | ४२ :१ | | | | |
| | माध्यमिक तह | २५ | ३१ :१ | | | | |
| | शिक्षक तालीम | | ९३.६% | | | | |
| | शिक्षक काजको स्थिति | | नभएको | | | | |
| | विद्यालय मसलन्द | | रु ९१३० हजार | | | | |
| | प्राथमिक तह | | | | | | |
| | निम्नमाध्यमिक | | | | | | |
| | माध्यमिक | | | | | | |
| | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | | रु ३४११९ हजार | | | | |
| | प्राथमिक तह | | | | | | |
| | निम्नमाध्यमिक | | | | | | |
| | माध्यमिक | | | | | | |
| | सार्वजनिक सुनुवाईको स्थिनि | | ९०% | | | | |
| | स्रोत केन्द्रहरुको संख्या र बजेट | | १४ वटा | | | | |
| | अनौपचारिक शिक्षा तथा साक्षर नेपाल कार्यक्रम | | | | | | |

स्रोत : जिल्ला शिक्षा कार्यालय, अछाम

| **आयोजनाको नाम** | **सूचकहरु** | **लक्ष्य** | **प्रगति/हाल को स्थिति** | **लक्ष्य र प्रगति बीचको अन्तर** | **कारण** | **वार्षिक बजेट (रु ह्जारमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | साक्षरता दर ( जम्मा ) प्रतिशत | | | | | | |
| | ६ वर्ष भन्दा माथि | | ८० % | | | | |
| | १५ वर्षमाथि | | | | | | |
| | १५-२४ वर्ष उमेर समूह | | - | | | | |
| | जम्मा कक्षा सञ्चालन | | ४७ गा.वि.स. | | | | |
| | जम्मा लाभान्वित जनसंख्या | | | | | | |
| | महिला | - | | | | | |
| | पुरुष | | | | | | |
| | सीप तालीम | | | | | | |
| | पुनरावृत्ति | | | | | | |
| | सामुदायक | | ४२ वटा | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अध्ययत केन्द्रहरुको संख्या | | | | | | |
| सीप विकास कार्यक्रम सञ्चालन बारेको केही जानकारी | महिला आय आर्जन समूह गठन भई क्रियाशिल रहेका । | | | | | | |

स्रोत : जिल्ला शिक्षा कार्यालय, अछाम ।

## सञ्चालित एल.एल.सी. परीक्षा

कुल परीक्षार्थी ६९८० मध्ये ३०० जना राजश्व नबुझाएको तथा ७५ प्रतिशत हाजिरी नपुगेको परीक्षा दिनबाट बञ्चित रहेको बुझियो । परीक्षामा सहभागी ७६८० रहेको पाइयो । नियमिततर्फ ४०४३ परीक्षार्थी रहेको ८५जना अनुपस्थित रहेको पाइयो । एक्ज्याम्टेडतर्फ ३६३७ परीक्षार्थी भएकामा २८८ जना अनुपस्थित रहेको देखियो । २०७० सालमा कुल ४४११ परीक्षार्थीमध्ये ४७६(१०%) परीक्षार्थी मात्र उत्तीर्ण भएको देखिन्छ । गत वर्षको न्यून प्रतिशत उत्तीर्णको आधारमा यस वर्षदेखि सुधार विषयमा केही गृहकार्य गरेको बुझिएन ।

सबै तहका शिक्षकहरुले तालीम लिएका रहेछन् । मागका आधारमा तालीम सञ्चालन गर्ने गरेको सुनियो । तालीम लिएकामध्ये केहीले प्राप्त सीप तथा ज्ञानलाई अध्ययन अध्यापन कार्यमा उपयोग गरेको र धेरैले उपयोग नगरेको अवस्था रहेको जिल्ला शिक्षा अधिकारीको भनाइ रहेको पाइयो । तालीमको प्रभावकारीताका विषयमा कार्यालयबाट अनुगमन हुन सकेको देखिएन ।

साक्षारता अभियान सञ्चालन भैरहेको जानकारी पाइयो । प्रत्येक वर्ष कति संख्यामा साक्षरता बनाइयो, कति संख्यामा बाँकी रहेका छन्, तिनलाई समेट्न नसक्नुका कारण के हो भन्ने विषयमा कार्यालय संवेदनशील पाइएन । त्यसको कागजी तथ्याङ्क देखिन्छ । तर विश्वसनीय पाइदैन भने अर्कोतर्फ कार्यक्रमको प्रभावारीताका सम्बन्धमा अनुगमन हुने गरेको देखिएन ।

विद्यार्थी संख्याका आधारमा  विद्यालय तथा शिक्षक मिलान गर्न नसकिएको रहेछ । प्राथमिक तहमा समेत विद्यार्थी संख्याका अनुपातमा शिक्षक मिलान गर्न नसकिएको पाइयो । कम्तीमा ८८ जना विद्यार्थी बराबर ५ शिक्षक समेत रहेको सुनियो । राजनीतिक दवावले मिलानमा समस्या भएको पाइयो ।

शिक्षकहरू विभिन्न पेशागत संघ तथा संगठनहरूका नाममा आवद्ध भएका कारण शिक्षण शिकाई प्रक्रियामा नकारात्मक असर भएको सुनियो । यसको कारण पेशागत मर्यादामा आँच पुगेका भनाई कार्यालयको पाइयो ।

## विद्यालय संख्या

सामुदायिक-४९३ र निजी २४ गरी जम्मा ५१७ वटा रहेको ।

## बेरुजु अंक

आ.ब २०७१ साउनसम्म अ.ल्या समेत गरी कुल रु १३,३८,०७,३८०। सबै बेरुजु विद्यालय भवन निर्माण तर्फको रहेको पाइयो । आर्थिक वर्ष २०७०/७१ मा महालेखा परीक्षक कार्यालयबाट अन्तिम लेखा परीक्षण गरी दिएको प्रारम्भिक प्रतिवेदनमा देखाइएको बेरुजु उपर प्रतिक्रिया समेत पठाएको पाइएन ।

## समस्या तथा समाधान

१. विद्यालय र दरवन्दी मिलानमा समस्या भएको सुनियो । पहुँच पु-याउने नाममा शुरुमा विद्यालय खोल्ने होडबाजी भयो । हाल पहुँच र गुणस्तरबीच सम्बन्ध कायम गर्न समस्या भएको पाइयो । विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलानमा कसैबाट पनि सहयोगको वातावरण नभएको हुँदा समस्या सृजना भएको पाइयो ।  दरवन्दी थप्न र झिक्न नसकिने अवस्था देखियो । तोकिएको मापदण्डका आधारमा विद्यालय तथा दरवन्दी मिलान गर्ने कार्यमा राजनीतिक समझदारी केन्द्रदेखि स्थानीय स्तरसम्म हुन अति आवश्यक देखिन्छ ।

२. विद्यालय भवन निर्माण ठूलो समस्याको रूपमा रहेको भनाइ जिल्ला शिक्षा अधिकारीबाट सुनियो । जिल्ला प्राविधिक कार्यालयलाई निर्माणको जिम्मेवारी दिएर जिल्ला शिक्षा कार्यालयलाई अनुगमनको भूमिकामा सीमित गरेमा प्रभावकारी हुने कार्यालयको  भनाइ रहेको पाइयो । एकतर्फ कार्यालयसँग निर्माण सम्बन्धी प्राविधिक ज्ञान नभएको अर्कोतर्फ राजनीतिक दवाव पर्ने हुँदा आवश्यकताका आधारमा वितरण गर्न नसकिएको पाइयो । स्थानीय समुदायले नै भवन निर्माणको जिम्मा लिने हुँदा समयमा कार्य सम्पन्न नगरेका कारणले कार्यालयको नाममा प्रत्येक वर्ष बेरुजु रकम बढिरहेको भन्ने भनाई कार्यालयको रहेको सुनियो । भवन निर्माणमा

३. सरकारको नियमित कार्यक्रमका अतिरिक्त Save the Children, World Vision, NSET, Walk Nepal, पिसपिन जस्ता संस्थाले समेत विद्यालय भवन निर्माण गर्ने गरेको पाइयो । विगतमा यस्ता संस्थाहरूले जिल्ला शिक्षा कार्यालयसँग समन्वय नगरी भवन निर्माण गर्ने गरेको पाइयो । यस आर्थिक वर्षदेखि विद्यालय भवन निर्माण गर्ने संस्थाले अनिवार्य रूपमा कार्यालयसँग सम्पर्क गर्नुपर्ने र कार्यालयले प्राथमिकता निर्धारण गरेको स्थानमा मात्र विद्यालय भवन निर्माण गर्नुपर्ने अन्यथा निर्माण गर्न नदिइने विषयमा जिल्ला शिक्षा समितिले निर्णय गरेको जानकारी जिल्ला शिक्षा अधिकारीबाट पाइयो । उक्त निर्णयका सम्बन्धमा ती संस्थाहरूलाई जानकारी गराइसकिएको व्यहोरा समेत जानकारी भयो ।

४. समयमा मन्त्रालय/विभागबाट बजेट खर्चको अख्तियारी नआउने हुँदा कार्य गर्न समस्या परेको सुनियो अर्को तर्फ वैदेशिक सहयोग अन्तर्गतको निकासा समयमा फुकुवा नहुँदा कार्य सम्पादनमा समस्या भएको पाइयो । जिल्लासँगको समन्वयमा केन्द्रले यो समस्यालाई हल गर्नुपर्ने ।

५. बेरुजु फछ्यौर्ट तथा लेखा परीक्षणको संपरीक्षण समयमा गर्ने गरेको देखिएन । यसमा जिल्ला शिक्षा कार्यालय अधिकारी तथा लेखा प्रमुखलाई जिम्मेवारी बनाइनुपर्ने ।

६.  शिक्षक तलव भुक्तानीमा समस्या भएको रहेछ । शिक्षकको तलवी प्रतिवेदन पास गराउन शिक्षक कितावखाना, काडमाण्डौ पठाउनु पर्ने । एकै समयमा एकै तहमा नियुक्त भएका शिक्षकहरूको बीच तलव फरक-फरक गरी पठाउने हुँदा समस्या सृजना भएको जानकारी पाइयो । तलबी प्रतिवेदन पास गर्ने कार्यलाई विकेन्द्रीकरण गरी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिने र सो गराउने जिम्मेवारी सम्बन्धित विद्यालयको हुने व्यवस्था गर्न सकेमा समस्या समाधान हुने विचार जिल्ला शिक्षा अधिकारीबाट सुनियो ।

७. अनुगमन तथा मूल्याङ्कनको कमजोर अवस्था पाइयो । सम्बन्धित क्षेत्र, विभाग तथा मन्त्रालयबाट कार्यालयबाट सञ्चालित कार्यक्रम तथा प्रवाह गर्ने सेवा सुविधाका बारेमा नियमति अनुगमन तथा मूल्यांकन हुन गरेको पाइएन ।

## जिल्ला स्वास्थ्य कार्यालय, अछाम



अनुगमनका क्रममा जिल्ला स्वास्थ्य कार्यालयका कर्मचारीहरुसँग सञ्चालित कार्यक्रम तथा प्रवाह गरेको सेवा सुविधाका विषयमा सामान्य छलफल गरी जानकारी लिइयो ।

(क) पुरानो भवनमा जिल्ला अस्पताल सञ्चालन भइरहेको रहेछ । अस्पतालमा सरसफाइको स्थिति सन्तोषजनक देखिन्छ ।

(ख) नेपाल सरकारबाट निःशुल्क उपलब्ध गराइने ७० किसिमका औषधि चालु आ.ब. मा उपलब्ध हुन नसकेको रहेछ । ८४ आइटमका औषधि तथा सर्जिकल सामग्री आपूर्तिकालागि टेन्डर प्रक्रिया भएर आपूर्ति हुन बाँकी रहेको पाइयो । जिल्लामा भएका स्वास्थ्य संस्थाको संख्याको आधारमा जिल्लाको स्टोरको क्षमता कम भइ भण्डारण गर्न कठिनाइँ भएको भनाइ सुनियो । जिल्लासम्म औषधिको आपुर्ति पनि सहजै देखिन्छ । तर जिल्लाभित्रका अन्य स्वास्थ्य संस्थाहरुमा सो व्यवस्था प्रभावकारी रुपमा गर्न सकेको बुझिएन । क्षेत्र तथा केन्द्रबाट औषधि आपूर्ति गर्दा जिल्लासँग समन्वय नगर्ने गरेको रहेछ । जिल्ला तथा केन्द्रबाट औषधि आपूर्तिको आइटप वाइज योजना नगरी गरिने हुँदा आवश्यक औषधि उपलब्ध नहुने तथा अनावश्यक औषधि बढी हुने गरेको स्थिति रहेको छलफलबाट अवगत भयो ।

समयमा सोच विचार नगर्दा जिल्लाभित्रका अन्य स्वास्थ्य संस्थाहरुमा औषधिको आपूर्ति सहज भएको पाइएन । विशेष गरी बर्षातको समयमा औषधिको अभाव हुन जाने स्थिति पाइयो । यस्तो समस्यालाई पूर्वानुमान गरी समयमा नै औषधिको आपूर्ति सहज गर्ने विषयमा जिल्ला तथा केन्द्रले पहल गर्ने गरेको देखिएन ।

जिल्लाले आफू अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गर्न सकेको देखिएन ।

(ग) केही स्वास्थ्य संस्थाहरुमा विरामीकालाीग स्ट्रेचर समेत रहेनछ भने जिल्ला स्वास्थ्य कार्यालयमा एम्वुलेन्सको अभाग भएको पाइयो । त्यसकालागि केन्द्र, क्षेत्र तथा स्वयम् स्वास्थ्य व्यवस्थापन समिति समेतले केही पहल गरेको पाइएन ।

(घ) जिल्ला अस्पताललाई भन्दा बढी बयलपाटा सामुदायिक अस्पताललाई सेवा सुविधाका सम्बन्धमा महत्व दिने गरेको भनाइ रहेछ ।

(ङ) अस्पतालकालागि नियमित विद्युत आपूर्ति गर्न नयाँ जेनेरेटर उपलब्ध भएर पनि सञ्चालनमा ल्याउन नसकिएको रहेछ । Three Phase को भनेर उपलब्ध गराइएको तर Single Phase को कारण सञ्चालन हुन नसकेको पाइयो ।

जिल्ला स्वास्थ्य कार्यालयले जिल्लामा स्वास्थ्य सेवाको पहुँच बढाउनकालागि केही प्रयास समेतको थालनी गरेको पाइयो :

- अछाम जिल्ला पूर्ण खोप जिल्ला घोषण भई यसको निरन्तरताकालागि बस्तीदेखि जिल्लासम्म प्रत्येक बच्चाको जन्म र खोप सेवा रजिष्ट्रर अध्यावधिक भएको ।
- गर्भवतीले पूर्ण सेवा पाएको जिल्ला बनाउन ४ महिलाभित्र सबै गर्भवतीको महिला स्वास्थ्य स्वयम सेविकादेखि दर्ता शुरु गर्ने र स्वास्थ्य संस्थाले पहिलो, दोस्रो र चौथो जाँच गर्ने मिति पहिले नै Forcasting गरी रजिष्ट्रर अध्यावधिक गरिएको तथा सो अनुसार जाँचकालागि नआएमा सोही महिनाभित्र फोन गरी बोलाउन शुरुवात गरिएको रहेछ । सोकोलागि Recharge कार्ड स्वास्थ्य व्यवस्थापन समितिले उपलव्ध गराउने गरेको पाइयो ।
- स्वास्थ्य संस्थामा प्रसुती हुन महिला ल्याई आएमा महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति केश रु १००। प्रोत्साहन स्वरुप उपलव्ध गराउने निर्णय समितिले गरेको ।
- प्रत्येक पटक जाँच गराउन स्वास्थ्य सँस्थामा आउँदा एकपोको आयोडिन नून उपलव्ध गराउने गरेको ।



*निर्माणाधीन जिल्ला स्वास्थ्य कार्यालय,अछाम*

यो जनस्वास्थ्य भवन निर्माण गर्न शुरु गरिएको धेरै समय भएको तर ठेकेदारको कारण उल्लेखीय रुपमा प्रगति हुन नसकेको कर्मचारीसँग छलफलबाट सुनिया । यो निर्माणाधीन भवन सम्बन्धमा लागत अनुमान, निर्माण शुरु तथा सम्पन्न गर्ने मिति, निर्माणको जिम्मा लिने कम्पनी आदिको विस्तुत विवरण उल्लेख भएको वोर्ड राखिएको देखिएन । निर्माण कार्य दुई वर्षदेखि शुरु भएको जानकारी कार्यालयबाट प्राप्त भयो । निर्माणाधीन आफ्नो कार्यालय भवनको बारेमा कार्यालय स्वयमले समेत चाँसो लिने गरेको पाइदैन । त्यस्तै गरी डाक्टरको आवास पनि निर्माण शुरु भएको सम्पन्न हुन नसकेको पाइयो ।

(क) विनायक स्वास्थ्य चौकी

अछाम जिल्लाको केन्द्रमा रहेको उक्त चौकी अछाम र दैलेख जोड्ने निर्माणाधीन मध्य पहाडी लोकमार्ग नजिक रहेको पाइयो । पुरानो कार्यालय भवनमा कामकाज गरिहेको देखियो । सो भवनमा प्रसुती सेवा प्रदान गर्न समस्या भएको देखियो । कार्यालयमा Microscope रहेको तथा सो सञ्चालनकालागि ल्याव टेक्निसियनको व्यवस्था भएता पनि उक्त उपकरणलाई AC बाट DC मा परिवर्तन गरी सञ्चालन गर्न नसकिएको जानकारी पाइयो । नयाँ भवन निर्माणाधीन रहेको तर ठेकेदारको वेवास्ताका कारण समयमा निर्माण सम्पन्न हुन नसकेको जानकारी पाइयो । पर्याप्त औषधि नभएको तथा प्राप्त औषधि समेत न्यून उपयोग अवधि भएको पाइयो । यी सबै विषयमा जिल्लाले समन्वय तथा सहयोग गरे समस्या समाधान हुनेमा सो नभएको रहेछ ।

(ख) कोची स्वास्थ्य चौकी

पुरानो भवनमा कार्यालय सञ्चालन भएको देखियो । नयाँ भवन बनेको तर हस्तान्तरण नभएको पाइयो । कागजात नपुगेकोले हस्तान्तरण हुन नसकेको जानकारी पाइयो ।

**अन्य**

अछामको साँफेवगरदेखि बाजुराको सदरमुकाम मार्तडीसम्मको दूरी लगभग ५५ कि.मी. रहेको पाइयो । सोमध्ये लगभग ३० कि.मी. कालोपत्र भएको र २५ कि.मी. कालोपत्र गर्न बाँकी भएको देखियो । सो बाटोमा पर्ने विभिन्न स्थानमा पुलहरू निर्माणाधीन अवस्था रहेको देखियो ।